जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
नवीन साप्ताहिक
व.वि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक १६ २०८१ साल मंसिर ९ गते आइतवार (24 Nov 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** ठूलो परिमाणको गाजासहित टिपर ... **पृष्ठ ३ मा :** असल स्वास्थ्य नै ... **पृष्ठ ४ मा :** कसरी डुबे ... **पृष्ठ ५ मा :** कर माथी कर लगाएर सरकारले ...

# नगरपालिका क्षेत्र भित्र मदिरा बिक्रि बितरण र सेवन निषेध

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका क्षेत्र भित्र मदिराजन्य पदार्थ बिक्रि बितरण र सेवन निषेध गरिएको छ ।

मंसिर १६ गते उक्त पालिकाको १ र ४ गरी दुई वडामा वडाअध्यक्ष पदका लागि उपनिर्वाचन हुने भएकोले मदिराजन्य पदार्थ बिक्रि बितरण र सेवन निषेध गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले उक्त निर्णय मतगणना कार्य सम्पन्न नभएससमको अवधी भर लागु हुने जनाउँदै जारी सुचनाको अवज्ञा गर्नेलाई कानुन बमोजिम कारवाही हुने जनाइएको छ ।

यसैगरि मंसिर १५ गते राती १२ बजेदेखी निर्वाचन सम्पन्न नभएसम्म नगरपालिका क्षेत्रमा अत्यावश्यक सवारीसाधन बाहेक अन्य सवारीसाधन अनुमति बिना आवतजावतमा रोक लगाइएको छ । साथै स्थानीय प्रशासनले कोही कसैले निर्वाचन कानुन र निर्वाचन आचारसंहिता विपरीत कुनै पनि कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने जनाएको छ ।

यता विभिन्न सूचना र सुरक्षा विश्लेषणपछि आवश्यक सुरक्षा प्रवन्ध मिलाउन उक्त निर्वाचन स्थलमा २ सय ५० नेपाल प्रहरी परिचालन भएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । यसबाहेक सशस्त्र प्रहरी र सेनाले समेत निर्वाचन सुरक्षा प्रबन्धमा सघाउने उनको भनाई छ ।

निर्वाचन हुने ती दुबै पदमा यसअघि काँग्रेसका क्रमशः प्रितमलाल चौधरी र हरिप्रसाद राय चुनाव जितेका थिए । चौधरी र राय दुबैको निधन भएका कारण रिक्त हुन गएको पदका लागि मंसिर १६ गते उपनिर्वाचन हुन लागेको छ ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ मा २ हजार ६ सय ३५ र वडा नं. ४ मा १ हजार २ सय ८१ मतदाता छन् । मतदानका लागि तीन मतदान स्थल र पाँच मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए ।

दुई वडा अध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा विभिन्न दलका १४ र १ स्वतन्त्र गरी कुल १५ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन् । :

# चोरी तथा डाका मुद्दामा एघार महिनादेखी फरार एक प्रतिवादी पक्राउ



**राजविराज**/छिमेकी जिल्ला सिरहामा चोरी तथा डाका मुद्दा दर्ता भई विगत ११ महिनादेखी फरार रहेका एक प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका २ निवासी २६ वर्षिय सन्तोष कुमार यादव भनिने भोगेन्द्र यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी जितेन्द्र कुमार बस्नेतका अनुसार फरार यादवलाई इलाका प्रहरी कार्यालय पातोबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाने क्रममा बिहीबार गाँउ घरमा

*बाँकी अन्तिम पृष्ठमा*

# जलवायुजन्य विपदबाट बालबालिका अत्यधिक प्रभावित




**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले बालबालिका परिवर्तनका संवाहक भएपनि जलवायुजन्य विपदबाट बालबालिका अत्यधिक प्रभावित हुने भएकोले विपद् जोखिम न्युनीकरणका लागि बालबालिका तथा युवाहरुले भूमिका निर्वाह गर्नु पर्ने बताएका छन् ।

युनिसेफको सहयोगमा तिलाठी कोईलाडी गाउँपालिकाद्वारा शनिबार आयोजित जलवायु परिवर्तन सम्बोधन पैरवी र पहलका लागि बालबालिका तथा युवाहरुको क्षमता विकास तथा परामर्श गोष्ठीमा बोल्दै अध्यक्ष मण्डलले सो कुरा बताएका हुन् ।

उनले पर्यावरणलाई जोगाउनमा बालबालिका तथा युवाको महत्वपूर्ण भूमिका रहेको बताउँदै जलवायुजन्य विपद्बाट तिलाठी कोईलाडी गाउँपालिका अत्यधिक प्रभावित रहेकोले विपद्को जोखिमलाई कम गर्न गाउँपालिका लागिपरेको उल्लेख गरे ।

जलवायु परिवर्तन सम्बन्धमा पालिका तथा स्थानीय स्तरमा बालबालिका तथा युवाहरुको क्षमता बिकास गर्ने, जलवायु परिवर्तनका कारण स्थानीय स्तरमा बालबालिका तथा युवाहरुमा परेका प्रभावहरुका बारेमा छलफल र अभिलेखन गर्ने, जलवायु परिवर्तन सम्बोधनका लागि आवश्यक बालबालिका तथा युवा मैत्री नीति तथा कार्यका बारेमा परामर्श गर्ने उद्देश्यले सो गोष्ठीको आयोजना गरिएको गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले बताए ।

राष्ट्रिय निर्धारित योगदान (एनडिसी ३) बनाउने क्रममा रहेकोले त्यसलाई बालबालिका तथा युवा संवेदनशिल बनाउन बालबालिका तथा युवाहरुबाट सुझाव समेत संकलन गरिएको छ ।

सो कार्यक्रममा युनिसेफका अशोक कुमार झा र तिलाठी कोईलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले सहजीकरण गरेका थिए ।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**दाईजो प्रथा निरुत्साहित गरौं**

- चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुदैन,
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाईजो माग गर्नु हुदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यवहार गर्नु हुदैन,

यस्ता कार्य कानूनवमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।

विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कारागारको अतिक्रमित जग्गाप्रति सम्बन्धित निकायको सक्रियता आवश्यक

राजविराजस्थित कारागारको अतिक्रमित जग्गाप्रति सम्बन्धित निकायको सक्रियता आवश्यक रहेको छ। विगत लामो समयदेखी कारागारको जग्गा स्थानीयसहित सेवानिवृत कर्मचारी समेतले अतिक्रमण गरेर घर, टहरा बनाएका छन् । जसले गर्दा कारागारलाई भौतिक तथा सुरक्षाको अभाव देखिएको छ । कारागारको झण्डै तीन विगहा जग्गा मध्ये आधा जति जग्गा अतिक्रमण भएको हो ।

स्थानीय प्रशासनले बारम्बार सूचना प्रकाशित गर्दा पनि अटेर गरि जग्गा खाली गराउनेतर्फ कुनै पहल भएको देखिन्न् । लामो समयदेखी जिर्ण भवनको समस्याले कारागार आफै समस्यामा छ । कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल चार सय भन्दा बढी कैदीबन्दीहरु कोचाकोच गरि बसेका छन् ।

अतिक्रमित जग्गासँगै कैदीबन्दीहरुले भोगीरहेका समस्याहरुप्रति कारागार तथा स्थानीय प्रशासनसहित सम्बन्धित वडाले पनि ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। तसर्थ यसका लागि स्थानीय प्रशासन मात्र नभएर स्थानीय पालिकासमेतले समन्वयकारी भूमिका साथ जग्गा अतिक्रमण मुक्त गराउनेतर्फ अग्रसरता देखाउनु अति आवश्यक छ।

# ठूलो परिमाणको गाजासहित टिपर चालक प्रहरी नियन्त्रणमा



**राजविराज**/सप्तरीको राजगढ गाउँपालिका हुँदै भारततर्फ टिपरमा लैजादै गरिएको अवस्थामा ठूलो परिमाणका प्रतिबन्धित लागुऔषध गाजा प्रहरीले बरामद गरेको छ। गाजासँग्र प्रहरीले टिपर चालकलाई पनि नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा मंगलबार पत्रकार सम्मेलनको आयोजना गरि बरामद गाजासहित नियन्त्रणमा लिएको टिपर चालक समेतलाई सार्वजनिक गरेको छ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले राजगढ गाउँपालिका वडा नं. ४ बेल्हीचपेनास्थित शनि मन्दिर अगाडीबाट सोमबार राती प्रहरीले चेकजाच गर्ने क्रममा ५६ बोरामा रहेको १ हजार ७ सय १७ किलो गाजा बरामद गरिएको जानकारी दिए।

गाजासहित प्रहरीले धनकुटाको शहिदभूमी गाउँपालिका निवासी ३३ वर्षिय टिपर चालक यमजित राईकस्लाई थप अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुरको टोलीले पत्थरगाढाबाट झुटकी जाँदै गरेको अवस्थामा चेकजाच गर्ने क्रममा को१.ख.६५०३ नम्बरको टिपरमा ढुंगा र बालुवाले छोपेर ५६ वटा बोरामा लुकाई राखिएको गाजा बरामद गरेको प्रहरी उपरिक्षक खतिवडाको भनाई छ।

उक्त गाजाको मुल्य नेपाली बजारमा १ करोड ७१ हजार पर्ने अनुमान गरिएको छ। यद्धपी यसको अनुमानित मुल्यबारे यकिन गर्ने काम भईरहेको प्रहरीको भनाई छ।

सप्तरी प्रहरीले यति ठूलो परिमाणमा प्रतिबन्धित लागु औधष गाँजा बरामद गरेको यो पहिलो पल्ट हो। यस अघि प्रहरीले २०८० पुष २० गते १ करोड मुल्य बराबरको १ हजार ६ किलो गाँजा खडक नगरपालिका ७ कल्याणपुर सडकखण्डमा बालुवा गिट्टी बोकेकै टिपरबाट बरामद गरेको थियो।

संयोगवश त्यतिबेला पक्राउ परेका चालक ३२ वर्षिय विशेष राई र अहिले पक्राउ परेका चालक यमजित राई दुबै एउटै पालिकाका वासिन्दा हुन। हाल विशेष राई पूर्पक्षका लागि राजविराज कारागारमा छन्।

श्रोतका अनुसार नेपालको पहाडी भू-भागमा गाजाको उत्पादन गरि तराईको बाटो हुँदै भारतको विभिन्न स्थानमा तस्करी गरि पुऱ्याइने गरिन्छ। यसका लागि भारतसँग जोडिएको मधेशको विभिन्न जिल्लाबाट रातीको समयमा विभिन्न माध्यमबाट गाजाको तस्करी हुने गर्छ।

नेपाली बजारमा प्रति केजी ९ देखी १० हजार सम्म पाईने गाँजा भारतीय बजारमा भने २० देखी २५ हजार रुपैया केजीका दरले विक्री हुने गरेको जानकारहरु बताउँछन।

# सामाजिक संजालमार्फत आगो लगाइदिने पोष्ट गरेका भगत पक्राउ

**राजविराज**/वित्तिय संस्थाको कार्यालयमा आगो लगाई दिने अभिव्यक्ति सामाजिक संजालमा पोष्ट गरेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका ५ खरचुहिया निवासी ४६ वर्षिय उमेश भगत छन्।

जीवन विकास लघुवित्त बित्तीय संस्था लि. शाखा कार्यालय कठौना शम्भुनाथ सप्तरीका प्रमुख सम्झना कुमारी पौदारले मंसिर २ गते शान्ति सुरक्षाको माग गर्दै प्रमुख जिल्ला अधिकारीसमक्ष दिएको निवेदनको आधारमा भगत पक्राउ परेका हुन्।

प्रमुख पौदारद्वारा दिइएको निवेदनमा "जीवन विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय कठौनामा शाखाले प्रवाह गरेको ऋणको नियमित असुली भइरहेको क्रममा अन्यायी उमेश भगतले ऋणीहरुबाट कसैसँग ५ हजार, कसैसँग १० हजार, कसैसँग १५ हजार रुँपैया असुली गरी सो ऋण चुक्ता गर्नु पर्दैन भन्दै अफवाह फैलाई ऋणीहरुलाई आफ्नो तर्फबाट परिचयपत्र बाँड्दै हिडेको अवस्था" उल्लेख गरिएको छ।

सोही निवेदनमा "उमेश भगतले २०८१ कात्तिक ३० गते आफ्नो फ्सबुकमा पोष्ट मार्फत जीवन विकास लघुवित्त बित्तीय संस्था लि. शाखा कार्यालय कठौना र सोको सिइयो र कर्मचारीलाई आरोपित गरी २०८१ मंसिर ३ गते शाखा कार्यालयमा आगो लगाइदिने र कर्मचारीलाई प्रहरी कार्यालयमा बुझाउने कार्यक्रम जारी गरेका छन्।"

पक्राउ परेका भगतमाथी अभद्र व्यवहार शिर्षकमा मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिएका छन्।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# असल स्वास्थ्य नै मानव पूँजी

**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

विश्व मधुमेह दिवस भर्खरै नोभेम्बर १४ मा मनाइयो । विश्वभरि मधुमेहविरुद्धका नाराहरु धेरै छन् तर यो नियन्त्रणबाहिर छ । कुनै घर-परिवारमा उच्च रक्तचाप, मधुमेह, दम वा ग्यास्टिक, अल्सर नभएको घर-परिवार भेटिन असहज भएको छ अहिले ।

कुनै उमेर समूहमा आबद्ध नभएको मधुमेहलगायतका रोगहरु मानिसको जीवनशैली र खानपानकै कारण हुने हो र हिजोआज मानिसहरु बढी अल्छी हुँदै छन्, शारीरिक अभ्यासविनाको जीवन सार्थक नहुने कुरामा आम चिकित्सकहरु पनि अब विश्वस्त भइसकेका छन् ।

स्वस्थ जनशक्ति तयार गर्न पोषणयुक्त खाना आवश्यक हुन्छ । जंकफुड, बट्टाबन्दी खाना, केटाकेटीहरुको खाजा फास्टफुडदेखि बजारमा सजिएका विज्ञापनयुक्त खाना विषाक्त छन् । यसबाट रोगप्रतिरोधी क्षमतामा ह्रास आएको छ । सामान्य रोगमा खाइने परम्परागत हाम्रा जडीबुटीका औषधिले काम गर्न छोडेका छन् र एन्टिबायोटिकको प्रयोग गर्नुपरिरहेको छ । विषादी तरकारी, विषाक्त तेल, अखाद्य मिठाइहरु, दूध, मासु, फलफूल, गेडागुडी, दाल आदिमा अखाद्य वस्तुको प्रयोगले मानव स्वास्थ्य जोखिममा छ ।

उपभोक्ता संरक्षण कानुन प्रभावकारी छैन । प्रदूषित हावापानी, विकिरणयुक्त पर्यावरणले सबै जीवजन्तुसमेतको स्वास्थ्यमा सबैतिर धावा बोलिरहेको अवस्था छ । जतिसुकै आधुनिक युग भनिए पनि धुवाँ-धूलोबाट आम नेपाली मुक्त छैनन्, शुद्ध पानीको अभाव छ । पानीको मुहान नै शुद्ध छैन ।

जारको पानीमा पनि कीरा भेटिएको र बट्टाबन्दी पेयपदार्थमा स्याउँस्याउँ कीरा हालै भेटिएको हो । शिक्षा र स्वास्थ्यमा गरिएको लगानी लगभग खेर गएको छ । निजी अस्पतालहरु पनि सर्वसाधारणको विरोधबाट टाढा छैनन्, विशेषज्ञ सेवा विज्ञापनमा मात्र सीमित छ । वैकल्पिक उपचार सेवा योग र आयुर्वेर्दिक सेवाले मानवको मन जित्न सकेको छैन ।

सबैतिर अस्पताल विकास समितिहरु छन्, स्वास्थ्यसम्बन्धी व्यावसायिक परिषद्हरु छन्, ती सक्षम र जवाफदेही बन्न सकेनन् । ज्येष्ठ नागरिकको स्वास्थ्य र सुरक्षामा राज्यले पर्याप्त ध्यान दिन सकेन, कुपोषणलाई न्यूनीकरण गर्न सकिएन । नाना, खाना, छानाले सताएको नेपाली परिवेशलाई भोलिको चिन्ताभन्दा आज र अहिलेकै चिन्ताले बढी सताएको छ ।

औषधि उत्पादनमा देश आत्मनिर्भर भएन, महँगा औषधि र उपकरण खरिद गर्दैमा धेरै रकम विदेशिएको छ र मुलुक उच्च व्यापार घाटामा छ । आयुर्वेदका संस्थाहरु पनि बढी राजनीतिको छायामा परे, भएका उत्पादनमुखी उद्योगहरु लोकतन्त्रको बक्री छायामा परे, बिकाउमा परे ।

सानो जीव लामखुट्टे नियन्त्रण गर्न नसक्ने भयौं हामी र भर्खरै दर्जन बढीको मृत्यु भएको छ, डिंगु नाम दिइयो यसलाई । जलवायु परिवर्तनको असर भनियो, पहिले यस्ता परजीवी नपुग्ने हिमाली क्षेत्र पनि अब बिस्तारै आक्रामक बन्न पुग्यो । कोरोना त अन्तर्राष्ट्रिय नै भइदियो, सबैजसोलाई सोत्तर बनायो ।

सबै क्षेत्रको सूचक सुधार गरी सहस्राब्दी विकास लक्ष्य पूरा गर्न हम्मेहम्मे छ, दिगो विकासको लक्ष्य त खोइ के होला । सम्पूर्णमा मानव स्वास्थ्य राम्रो नभई अन्य सूचकहरुको कुनै अर्थ रहँदैन । ऊर्जा, कृषि, पर्यटन, उद्योग, व्यापार, शिक्षा, खोनपानी, सडक, यातायातजस्ता समग्र पूर्वाधार मानव जीवन भनौँ स्वास्थ्यकै लागि हो । मानव स्वास्थ्य मानव पुँजीविना कुनै देश उँभो लाग्नै सक्तैन । संसारका धेरै देशमा नेपालीहरु उच्च जोखिममा विवशतापूर्वक रोजगारीमा लाग्नुपर्ने अवस्थाले स्वदेश फर्केकाहरुबाट अनेकानेक रोगहरु भित्रिन सक्ने अवस्थालाई पनि इन्कार गर्न सकिन्न ।

हाल देश सोह्रौं योजनामा गइसक्दा पनि हाम्रो विकासलक्ष्य पूरै अधुरो छ । भएका पूर्वाधारहरुलाई बाढी र पहिरोले सखाप पारेको छ । विगतका योजनाहरुले पनि मानव स्वास्थ्यबारे धेरै बोले । तेह्रौं, चौधौं र पन्ध्रौं योजनाले पनि आधारभूत स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्ने लक्ष्य लिएको हो । अहिलेकै प्रधानमन्त्रीले एकसाथ स्वास्थ्य संस्थाहरुको उद्घाटन गरेका हुन् तर अनुत्पादक भ्यूटावरहरु, प्रशासनिक, राजनीतिक भ्रष्टाचार काण्डहरु सगरमाथाझैँ ठडिए, मानवहितको जनशक्ति र संस्थाहरुले काँचुली फेर्न सकेनन्, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने नीति कागजमा सीमित छ, निजी क्षेत्रकाहरुले बरु ब्रह्मलुट गरे ।

देशले केही वर्षयतादेखि स्वास्थ्य बिमा लागु गरेको छ, तर सेवा-सुविधा राम्रो नहुँदा बिमितहरुले निराश भई बिमा नवीकरण नै नगरेको अवस्था छ । चिकित्सक सेवा उपलब्ध नहुने, भनेको औषधि नपाइने, पाइए पनि औषधिमा गुणस्तरको अभाव रहेको व्यापक गुनासो छ । जहाँबाट बिमा गरियो त्यहाँ त्यो क्षेत्रमा बिरामी उपचार सहज नभएको, पूर्वाधारको अभाव भएको, रेफर गरेर अन्यत्र जाँदा समय खेर जाने भएकाले बिमासम्बन्धी नीति नै व्यावहारिक नभएको जनधारणा छ ।

सबै किसिमका औषधि नपाइनु र फेरि थप खर्च गरेर निजी ओषधि पसलहरुमा जान बाध्य परेको अवस्था छ । बिमा गरीकन पनि अतिरिक्त १० प्रतिशत महसुल लगाइएको छ, अब बिमाको के अर्थ रहन्छ यसो भएपछि ? अस्पालहरुमा बिमा दाबी सहज छैन र धेरै समय कुर्नुपर्छ । सवा सय वर्षअघिदेखि बिरामीले पाई आएको भात, खाजा वीर अस्पतालमा कटौती भयो, अदालतमा मुद्दा गएपछि दिने भनियो । यसले पुष्टि गर्छ, हाम्रो लोकतन्त्र व्यापारिक छ ।

देशमा केही वर्षयतादेखि नर्सिङ जनशक्तिमा कमी आएको छ, भएको धेरै जनशक्ति विदेश पोखिएको छ । हाल विश्वमा जम्माजम्मी २ करोड ९० लाख नर्सहरु छन् र १ करोड २७ लाख चिकित्सकहरु । १ करोड ४९ लाख अन्य स्वास्थ्यकर्मीहरु छन् भने ३७ लाख फार्मेसिस्ट, २५ लाख दन्त चिकित्सक र २२ लाख मिड वाइफहरु छन् । समग्रमा हाल विश्वमा ६ करोड ५० लाख बढी स्वास्थ्यकर्मीहरु रहेको तथ्यांक छ । आगामी सन् २०३० सम्ममा विश्वले यो संख्यालाई बढाएर ८ करोड ४ लाखमा पुऱ्याउनेछ । हाल ५५ देशमा स्वास्थ्यकर्मीहरुको जनशक्ति कम छ, त्यसमा उच्च कमी हाम्रो देशमा छ ।

स्टेट अफ नर्सिङ वर्ल्डका अनुसार अमेरिका, युरोप, एसिया प्रशान्त क्षेत्रमै मात्र करिब ८१ प्रतिशत नर्सहरु कार्यरत छन् । अफ्रिकी देशहरुमा प्रति १० हजार जनसंख्यामा ९ जना मात्रै नर्सहरु रहेको तथ्यांक छ । हाम्रो मेडिकल काउन्सिलको तथ्यांकमा केही वर्षअघिसम्म जम्मा १० हजार ८० जना विशेषज्ञ चिकित्सक, ३२ हजार २१८ जना एमबीबीएस र बीडीएस गरी ४२ हजार चिकित्सक रहेका छन् भने विशेषज्ञ नर्सहरुको संख्या १ हजार ३२६ र नर्स संख्या ७३ हजार ५१४ रहेको छ ।

त्यस्तै ३७ हजार १४० अनमि र ८४८ जना विदेशी नर्स रहेको तथ्यांक छ । समग्रमा चिकित्सक, नर्स, मिडवाइफ गरी १ लाख ५५ हजार १७७ जना स्वास्थ्यकर्मीहरु रहेका छन् । विश्व स्वास्थ्य संगठनले नेपालको जनसंख्याअनुसार यो निकै कम हो भनेको छ । औसत आवश्यकताभन्दा धेरै नै कमी हुने देश नेपाल, बंगलादेश आदि ५५ देशहरुमा स्वास्थ्यकर्मीको अभाव छ । स्वास्थ्य क्षेत्रका जनशक्तिको कमीले सन् २०३० को स्वास्थ्य लक्ष्य पूरा नहुने पनि भनेको छ ।

अफ्रिकाको अर्थतन्त्र त बलियो छ तर त्यहाँ पनि स्वास्यकर्मीको कमी छ । यी देशहरुमध्ये पनि अँगोला, क्यामरुन, चाड, बुर्किनाफासो, नाइजेरिया, कंगो रुवाण्डामा धेरै कम छन् स्वास्थ्यकर्मीहरु । प्रति १० हजार जनसंख्यामा ४९ जना स्वास्थ्यकर्मीहरु हुनुपर्ने मान्यता भए पनि यसो नभएको विश्व स्वास्थ्य संगठनको भनाइ छ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट स्वस्थ र सबल नागरिक तयार गरी मानव पूँजी निर्माण गर्नु देशको परम लक्ष्य हुनुपर्छ ।

सबै नागरिकले सुलभ आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण तय हुनुपर्छ । ठूला सरकारी अस्पतालहरुमा बिरामीहरुको चाप धेरै छ । सबै वर्ग, क्षेत्र, समुदाय, समूहले नागरिकको मौलिक हक अधिकारको प्रत्याभूति हुने अवस्था सिर्जना हुन सकेन । भनिन्छ, हाम्रो देशमा स्वास्थ्य सेवा सर्वसुलभ छैन, सरकारी अस्पतालमा गुणस्तरीयता छैन । अनेकौं स्वास्थ्य संस्थाहरु निजी क्षेत्रमा प्रतिस्पर्धी छन्, जुन अति महँगा भएकाले सर्वसाधारणको पहुँचबाहिर छ र भन्नै पर्छ स्वस्थ जनशक्ति तयार गर्ने राज्यको सपना अधुरो छ । शारीरिक र मानसिक विकलांगको अवस्था जटिल बन्दै छ ।

यातायात सेवाले निम्त्याएका दुर्घटना, सवारी चालकहरुबाट हुने लापरबाही, प्राकृतिक विपत्तिसमेतले मानव स्वास्थ्यमा जटिलता थपेको छ । कच्ची बाटाघाटा, भूस्खलन, बाढी, पहिरो, हिमपात, भूकम्प, हावाहुरीजस्ता विनाशकारी परिवेशले मानव स्वास्थ्य थप जोखिममा छ । भूगोल र जनसंख्याको अनुपात हेरी चिकित्सक र स्वास्थ्य संस्थाको विकास गर्न सकिएन । सरकारले धेरै औषधि निःशुल्क वितरण गर्ने नारा लिए पनि यो सुलभ छैन र गुणस्तर पनि । आम बिरामीले पनि सरकारकै मुख ताकेको अवस्था देखिन्छ, दिनहुँ हिँडडुल गर्ने, खानेकुरामा सचेत हुने, प्रिकसनहरु अपनाउने गरिएन, सकेको शारीरिक अभ्यास घरमै हुन सक्छ ।

थोरै यात्रामा पनि सवारीकै प्रयोग हुन थाल्यो, गाउँको जीवनशैलीभन्दा सहरिया जीवनशैली थप संकटमा छ अहिले । स्वच्छ वायुको पनि समस्या छ । कतिपय रोगहरु अनलाइन, मोबाइलहरुका कारण पनि भएका छन् । खाना खानुपूर्व डेढ-दुई घण्टा पानी नपिउने, उभिएर पानी नलिने, खाना खाँदा पनि धेरै पानी नलिने, खाना खाएको डेढ-दुई

*बाँकी चार पृष्ठमा*






# कसरी डुबे सहकारी ?

**टीकादत्त वन**

अहिले नेपालको समग्र सहकारी क्षेत्र तरङ्गित छ। प्रधानमन्त्रीदेखि मन्त्री, सांसद, नेता तथा अभियन्ता र विश्लेषकहरूको भाषणमा सहकारी क्षेत्रबारे केही न केही प्रवचन आइरहेको पाउँछौं। खासमा सहकारी क्षेत्रमा अहिले यति धेरै समस्या किन आयो ? यसलाई कसरी समाधान गर्ने भन्नेबारे विभिन्न कोणबाट बहस भइरहेका छन्।

सहकारी अभियानमा लागेको मेरो ३० वर्षको अनुभव र केही सहकारी सञ्चालनसमेत गरेको हिसाबले भन्नुपर्दा अहिले देखा परेको समस्याको पहिलो कारण भनेको कानुन, नियमको फितलो कार्यान्वयन नै हो। २०४८ सालमा सहकारी ऐन आयो, नियमावली २०४९ सालमा आयो। त्यहीमार्फत सहकारी अगाडि बढ्दै गएको थियो। ०६२/०६३ को दोस्रो आन्दोलनपछि गणतन्त्र आयो। त्यसपछि सहकारी अरू उर्वर भएर आए। त्यसअघि सहकारी क्षेत्रमा यस्तो छाडापन थिएन। त्यसबेला संख्या पनि कम थियो। केही डर पनि थियो। केही नियमनकारीले पक्रिन्छ कि भन्ने कुरा थियो। त्यो कुरा दोस्रो जनआन्दोलनपछि हरायो। समाज अर्कै दिशामा गयो। त्यसपछि सहकारीको संख्या बढ्यो। चाहिनेभन्दा बढी सहकारी खुले। नियमन गर्ने निकायले नियमन गर्नै सकेन। जसका कारण सबै सहकारी सामुदायिक हुनुपर्नेमा निजी हुन पुगे। त्यसबिचमै सहकारीभित्र सबैभन्दा बढी बेथिति र समस्या सिर्जना भए।

२०७४ को ऐनमा अलिक कडा व्यवस्था गरियो। सहकारीमा भ्रष्टाचार भयो, अपचलन भयो, जोबाट सहकारीमा समस्या आएको छ, त्यो मान्छेलाई कानुनी बन्देजमा ल्याउनुपर्छ भन्ने उद्देश्यले कडा कानुनी व्यवस्था गरियो। त्योभन्दा अगाडि कानुनमा कारबाहीको कुरा थिएन, त्यो भइदिएको भए बेथिति बढ्दैन थियो। त्यस्तै निजी ढंगले सञ्चालन गर्ने, बचतलाई निजी उद्योग, कल कारखाना, व्यापार-व्यवसायमा लगानी गर्ने, जग्गा प्लटिङमा लगानी गर्ने काम भयो। त्यो व्यवसाय चलायमान नहुँदा सहकारीमा पुँजीको अभाव हुन थाल्यो। कतिले त राम्रै आशयले पनि गरेका थिए होलान्। धेरैचाहिँ आशय गलत भएका निस्किए। तिनका कारणले सहकारीमा समस्या देखिन सुरु भयो।

सुरुमा समस्या देखिने ओरिएण्टल सहकारी हो। त्यसले देशैभरि हल्लिने अवस्था आयो। ओरिएण्टल सहकारीको सुधिर बस्नेत भन्ने मान्छे काठमाडौँ बेसको हो। तर, उसले बैंक सञ्चालन गरेजस्तो देशभर सहकारी सञ्चालन गर्‍यो। राज्यले रोकेन। राज्य चुकेको त्यहाँ हो। विराटनगरमा शाखा, इटहरीमा शाखा, भद्रपुर, दमकमा शाखा, देशभर शाखा चलाएको थियो। सुधिर बस्नेतले बचतको पैसा लगेर हवाईजहाज किने। जग्गाको प्लटिङमा हाले। आवास निर्माणमा हाले। हवाईजहाज पनि चलेन, जग्गा पनि बिक्री भएन अनि उनी पनि डुबे र बचतकर्तालाई पनि डुबाए। अहिले आएर ठुलाठुला सहकारीहरू समस्यामा परिरहेका छन्। त्यसले कहाँ पुर्‍यायो भने सांसद इच्छाराज तामाङ, राष्ट्रिय सहकारी बैंकके अध्यक्ष केबी उप्रेतीदेखि पूर्वउपप्रधानमन्त्री रवि लामिछानेसम्म जेल बस्नुपर्ने अवस्था आयो।

केही सहकारीले दुर्नियत राखेरै काम गरेकाले समस्या आएको हो। केही सहकारीहरू हुलदंगामा लपेटिए। माहोलले लपेटिए। अहिले त सहकारीप्रति आम मान्छेको विश्वास हराउँदै गयो। परिणामस्वरुप एउटा मान्छेले कुनै सहकारीमा गएर बचत फिर्ता माग्दा पाएन भने डुबेछ भनेर प्रचार गर्‍यो। त्यसपछि सबैले बचत फिर्ता माग्न गएपछि सहकारीले धान्न सकेन। त्यस्तो अवस्था त बैंकले पनि धान्न सक्दैन भन्ने उदाहरण केही समय अगाडि एनआइसी एसिया बैंकमा बचतकर्ताको भिड लागेको हेर्न सक्छौँ। बैंकको पछि राष्ट्र बैंक थियो र बच्यो। तर, सहकारीको पछि कोही पनि थिएन। गर्न सक्ने अवस्था पनि भएन। त्यही भएर डुब्दै गएका छन्। अझै कति डुब्छन्, हेर्न बाँकी छ।

कार्यक्षेत्र विस्तार जति माग्यो त्यति दिनु सरकारको गल्ती भयो। सहकारी भनेको बैंकजस्तो गरेर सञ्चालन गर्ने चिज होइन। सानो-सानो पुँजी र सानो बचत जम्मा गर्ने हो। सहकारीमा लगेर करोडौँ बचत गर्ने, लाखौँ सेयर हाल्ने पनि होइन। लाभांश माग्ने पनि होइन। सहकारीमा एकै किसिमका मानिस, एकै किमिसमा भूगोलका मानिसको सानो सेयर हालेर, बचत राखेर, सानो कर्जा लिएर, सानो उद्यम व्यवसायको काम गर्ने हो। तर, हामीले त्यसो गरेनौँ। हामीले बैंकसँग प्रतिस्पर्धा गर्ने हिसाबले सहकारीलाई अगाडि लगेको परिणाम अहिले देखिएको हो।

२०७४ पछिको सङ्घीयताको सिस्टममले पनि सहकारीलाई अर्को समस्या थप्यो। संविधान अनुसार सहकारीको नियमन र नियन्त्रण पालिकामा सर्‍यो। पालिकामा सहकारी बुझेका कर्मचारी थिएनन्। जनप्रतिनिधिले पनि सहकारी बुझेका थिएनन्। ऐन, कानुन, नियम, सहकारी सञ्चालन, व्यवस्थापन प्रणालीबारे जानकारी राख्ने त्यो लेबलको कर्मचारी पनि थिएन। अहिले पनि कतिपय पालिकामा सहकारी हेर्ने निकाय नै खडा भएको छैन। पहिले सहकारी विभाग अन्तर्गत डिभिजन कार्यालय हुँदा सहकारीले मासिक रिपोर्ट बुझाउनु पर्थ्यो। वर्षमा प्रतिवेदन दिनुपर्थ्यो। साधारणसभा गर्न, लेखापरीक्षण गर्न स्वीकृति ल्याउनु पर्थ्यो। यसले अनुगमन र नियन्त्रणमा भूमिका खेलेको थियो। त्यसले सहकारीका सञ्चालकहरू सचेत थिए। तर, पालिकामा आएपछि त्यो चेन टुट्यो। रिपोर्ट बुझाउनु पनि परेन, लेखा प्रतिवेदन स्वीकृत पनि गर्नु परेन। वार्षिक साधारणसभा पनि गर्नु परेन। यो सबै हरायो।

सहकारीको नियमन कसरी गर्नुपर्छ भन्ने कुरा पालिकामा पत्तो नै भएन। त्यसपछि सहकारी झन् छाडा भए। कुनै पालिकाले राम्रो व्यवस्थापन पनि गर्न खोजेको हो। तर, त्यसबेला पनि राजनीतिक नेताहरूले अहिले नगर्नुहोस्, पर्खनुहोस् भनेर समस्यालाई तन्काइयो।

सहकारी बिग्रनुमा सहकारीलाई दलीय रूपमा सञ्चालन गर्नु पनि एउटा कारण हो। सहकारी संस्थामा राजनीतिक भागबण्डाबाट सञ्चालक छान्ने गरियो। यो त सामुदायिक र व्यावसायिक संस्था हो। तर, आ-आफ्ना दलका मानिस सञ्चालक समितिमा पुर्‍यायौं। क्षमतावान मानिस हो कि होइन भन्ने पनि विचार गरेनौं। दलको झोला बोक्नेलाई नै सञ्चालक समितिमा पुर्‍यायौं- सानो प्रारम्भिक संस्थादेखि केन्द्रको महासंघसम्म। त्यसले सहकारीहरू राजनीतिक पहुँचको आधारमा चल्न थाले। त्यहाँ सरकारले नियमन गर्न पनि सकेन। कडा खालको मापदण्ड र कार्यविधि निर्माण गर्न पनि सकेन। त्यहाँ राजनीतिक लबिङ भयो। विभिन्न कार्यविधि र निर्देशिका बनाएर सहकारी विभागले कार्यान्वयन गर्न खोज्दा सहकारी अभियानका नाममा त्यसलाई रोक्न कोसिस भयो।

अहिले राष्ट्र बैंकले सहकारी नियमन गर्ने कुरा आएको छ। त्यो सम्भावना म देख्दिनँ। अर्कै प्राधिकरण सरकारले बनाउनु पर्छ। अर्को कुरा, सहकारीका संख्या घटाउनु पर्छ। नचलेका, नियम कानुनभित्र नरहेकालाई खारेज गर्नुपर्छ। त्यसको दायित्व र सम्पत्तिको व्यवस्थापन कसरी गर्ने भन्ने नीति बनाउनु पर्छ। छेउको अर्को राम्रो सहकारीमा लगेर मिसाइदिने हो कि ! अर्थात् कसरी व्यवस्थापन गर्ने भन्ने नीति बनाएर जानुपर्छ।

सहकारी संघलाई नै नियमन, अनुगमन र खारेज गर्नेसम्मको अधिकार दिनुपर्छ भन्ने आवाज पनि उठिरहेको छ। तर, अहिले कै परिस्थिति र अहिलेकै संस्कारबाट यदि सहकारीको नियमन गर्ने काम सहकारी संघलाई दियो भने सहकारी क्षेत्र अरू ध्वस्त हुन्छ। यहाँ जिल्ला सहकारी संघको पनि अध्यक्ष, प्रदेश सहकारी संघको पनि अध्यक्ष र राष्ट्रिय सहकारी बैंकको पनि समितिमा हुने, राष्ट्रिय सहकारी महासंघमा पनि सदस्य एउटै व्यक्ति रहेको उदाहरण हामीसँग छ। त्यो व्यक्तिले के हेर्ने ? कुन हेर्ने ? राजनीतिक भागबण्डा र लबिङको आधारमा दोहोरो, तेहरो, चौहरो जिम्मेवारीमा एक व्यक्ति देखिन्छ। पहिलो कुरा, सहकारी ऐनको व्यवस्थाको बर्खिलाप अहिले नै त्यो व्यक्तिले गरिरहेको छ। कानुनमा एउटा व्यक्ति दोहोरो पदमा हुनुहुँदैन भन्ने व्यवस्था छ। विभागले ५-७ महिना अगाडि कडाइका साथ यो व्यवस्था ल्याउन खोज्यो। तर, अहिले हरायो। त्यहाँ राजनीतिक दबाब भयो। त्यतिबेला दोहोरो पदमा बसेकाहरू धेरैले राजीनामा दिनुपर्ने भयो। त्यही भएर त्यो व्यवस्था कार्यान्वयन भएन।

अब सहकारी नियमन गर्ने अधिकार संघलाई दियौं भने के होला ? सहकारी संघमा त्यो किसिमको संरचना छ ? नियमन गर्न को जाने सञ्चालक समितिको सदस्य जाने ? त्यो सम्भव छ ? अनि योग्य कर्मचारी छन् त्यहाँ ? राजनीतिक रुपमा भर्ती केन्द्रजस्तो गरेर दलहरूले कब्जा गरेको संघलाई त्यो हिसाबले जिम्मा दिनु उपर्युक्त हुँदैन। पहिलो कुरा, नेपालमा यो संघ नै धेरै भयो। जिल्ला संघ, प्रदेश, केन्द्रको छुट्टाछुट्टै संघ किन चाहिने ? जिल्ला संघले जिल्लाको अवस्थाबारे हेर्छ। प्रदेश संघले के गर्ने ? अनि केन्द्रीय संघले के गर्ने ? यो संघ नै आवश्यक छैन। चाहिने भनेको केन्द्रीय संघ एउटा बनाउने अनि प्रत्येक जिल्लामा केन्द्रको कार्यालय राख्ने गर्नुपर्दछ।

अहिले सहकारी संस्थालाई जिल्ला सहकारी संघमा पनि सेयर हाल्नुपर्ने, बचत गर्नुपर्ने, प्रदेश सहकारी संघमा पनि सेयर हाल्नु पर्ने र बचत गर्नुपर्ने, केन्द्र सहकारी संघ त्यहाँ पनि छुट्टै सेयर हाल्नुपर्ने र बचत गर्नुपर्ने किन ? तीन ठाउँ किन कारोबार गर्नुपर्ने ? जिल्ला बचत तथा ऋण सहकारी संघ एउटा घरमा कार्यालय राख्ने र बचत तथा ऋणको काम गर्ने। अर्कोतिर केन्द्रीय बचत तथा ऋण सहकारी संघको कार्यालय राख्छ र आफैँ मातहतको जिल्ला संघसँग प्रतिस्पर्धा गरिरहेको छ। अनि कुनमा जाने प्रारम्भिक संस्थाहरू ? यस्तो संरचनाले हुँदैन। केन्द्रीय संघ बन्ने उसको जिल्ला कार्यालय बन्ने हो। सञ्चालक समिति भनेको केन्द्रमा मात्रै हुनुपर्‍यो। नेता जन्माउन सहकारीका पनि राजनीतिक दलको जस्तो संरचना बनाउनु हुँदैन। कृषि, बचत तथा ऋण, दुग्ध लगायत थुप्रै प्रकृतिका सहकारीपिच्छे फरकफरक संघ बनाउनु हुँदैन।

सेवा केन्द्र खोल्ने काम पनि बन्द गर्नुपर्छ। सहकारी झापाबाट सुनसरी आउने होइन। त्यहाँ सुनसरीमै भएका सहकारीले आ-आफ्नो पालिकामा सेवा दिने हो। खासगरी बचत तथा ऋणका सहकारीका ठुलो सेवा केन्द्र भएका सहकारीलाई आफ्नो सेवा केन्द्र व्यवस्थापन बन्द गरी सीमिततामा लानुपर्छ। व्यावसायिक संस्थाका सेवा केन्द्रचाहिँ खोल्न पाउनु पर्छ। जस्तो कामधेनु सहकारीले दुध संकलन गर्न इलाम पुग्छ, संखुवासभा पुग्छ, तेह्रथुम, धनकुटा, मोरङ, झापा, सुनसरी जानसक्छ। त्यस प्रकृतिका सहकारीलाई सेवा केन्द्र खोल्न दिनुपर्छ। तर, बचत तथा ऋणकै कारोबार गर्नका लागि कुनै सेवा केन्द्र स्थापना गर्न दिनुहुँदैन।

जुनसुकै प्रकृतिका सहकारीले बचत तथा ऋणको कारोबार मात्रै गर्ने गरेको देखिन्छ। त्यस्तो भए ती सहकारी बन्द गर्नुपर्छ। त्यस्ता सहकारीलाई कि नाम फेरेर बचत तथा ऋण बनाएर सीमित कार्यक्षेत्रमा राखिनुपर्छ, कि मर्ज या खारेज गर्नुपर्छ।

बचत फिर्तामा पनि संकट छ। कतिपय राम्रा सहकारीलाई पनि नियतवस कोल्याप्स गरिदैछ। त्यस्ता राम्रा सहकारीको संरक्षण गर्नुपर्छ। एनएमसी राम्रो सहकारी हो। तर, मानिसले चाहे भने कोल्याप्स गर्न सक्छन्। अन्य राम्रा सहकारी पनि कोल्याप्स गराउन सक्छन्। केही गर्नै पर्दैन। एउटा अनलाइनले समाचार लेखिदियो भने डुब्छ। त्यस्ता सहकारीलाई राज्यले संरक्षण गर्नुपर्छ। अहिले पनि दैनिक १-२ वटा सहकारी डुबिरहेको त सुनेकै छौं। जो साँच्चै कानुन, नियम छोडेर मनपरी गरेका छन् भने त्यस्तालाई कारबाही गर्नुपर्छ। नियम कानुन अनुसार चलेका सहकारीलाई संरक्षण गर्नुपर्छ। ठुला बचतकर्ताभन्दा साना बचतकर्ताको पैसा फिर्तालाई प्राथमिकता दिनुपर्छ। ठुला बचतकर्ताले ब्याजको लोभले बचत गरेका हुन्। ती लोभीहरूलाई बचत फिर्ता नदिँदा पनि हुन्छ। जसले दुःख गरेर बचत गरेको छ, त्यो अध्ययन गरेर छुट्ट्याएर बचत फिर्ता तत्काल गर्नुपर्छ। नियतवस खराब ढंगले सहकारी सञ्चालन गर्ने सञ्चालक समितिका सबैको सम्पत्ति जफत गरेर बचत फिर्ता गर्नुपर्छ। ( सहकारी अभियन्ता वनसँग रातोपाटीका लागि अर्जुन आचार्यले गरेको कुराकानीमा आधारित) रातोपाटीबाट

### *असल स्वास्थ्य...*

घण्टापछि मात्र पानी लिने र बेलुकी दुई घण्टापछि मात्रै सुत्ने गर्नाले पनि स्वास्थ्य केही सहज हुन्छ।

मधुमेह भनौँ ग्लाइकोइन्डेक्स कम भएका खाना मात्र सेवन गर्दा मधुमेहलाई करिब नियन्त्रणमा राख्न सकिन्छ। सकेसम्म रातको खानापछि १६ घण्टाको फास्टिङ र दिउँसोको खानापछि ८ घण्टाको फास्टिङले पनि सुगर नियन्त्रण हुने सम्भावना छ। जहिले पनि सकारात्मक सोचले ऊर्जा पनि शरीरमा सकारात्मक नै आउँछ।

मृगौला, प्रोस्टेड, मूत्रनलीको समस्या अहिले बढेको छ, पैदल हिँडेर पनि उमेरसँगै पुरुषमा वृद्धि हुने ओखर आकारको प्रोस्टेड वृद्धिमा नियन्त्रण हुन्न। त्यसका लागि योग, अभ्यास, थेरापी र खानपिनमै सावधानी अपनाउनुपर्छ। न्युजअफ नेपालबाट


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# कर माथी कर लगाएर सरकारले जनताको ढाड सेक्ने काम गरेको छ : आजपा अध्यक्ष प्रभु साह

**राजविराज**/आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले मुलुकमा कर माथी कर लगाएर सरकारले जनताको ढाड सेक्ने काम गरेको आरोप लगाएका छन् ।

राजविराजबाट "भ्रष्टाचार विरुद्धको मधेश यात्रा" प्रारम्भ गरेका आजपा सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष साहले उक्त आरोप लगाउँदै सोही कारणले महँगी समेत बढेको बताए ।

आफु माओवादी र एमालेमा रहदा उच्च पद र ठूलो हैसियत पाएको भएपनि ती पार्टीका नेताहरुको रवैयाले जनताका समस्या समाधान हुन नसक्ने ठानेर ती दुबै पार्टी परित्याग गरी अहिले जनताको सेवक बन्न आएको उनको प्रष्टोक्ती थियो ।

पूर्वमन्त्रि समेत रहेका अध्यक्ष साहले आफु पाँच महिना शहरी विकास मन्त्री हुदा अरबौंको बजेट छुट्याएर विकासीय काम गर्न चाहेकोमा केपी ओली नेतृत्वको तत्कालीन सरकारले ती योजनाहरुलाई खारेज गरीदिएको आरोप समेत लगाए ।

भ्रष्टाचार विरुद्ध आवाज उठाउन खोज्दा सरकार दमनमा लागेको आरोपका साथ उनले भ्रष्टाचार विरोधी अभियान यस्ता दमनबाट नरोकिने उदघाष गरे ।

एक अर्को प्रसङ्गमा अध्यक्ष साहले मधेश केन्द्रित दुई दलका अध्यक्षलाई पानीमा भिजेको मुसा र छेपारोको संज्ञा दिएका छन् ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पानीमा भिजेको मुसा र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलाई छेपारोको संज्ञा दिएका हुन् ।

मधेश प्रदेशमा पालै-पालो सरकार बनाएपनी जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको छिनछिन मै बोली,



व्यवहार र रंग फेर्ने गतिविधीका कारण मधेशले धोका पाइरहेको उनको भनाई छ ।

"उपेन्द्र यादव जीले संघीयतका लागी गरेको योगदान बिर्सिन नसकिने भएपनि उनको अहिलेको गतिविधीले मधेश र मधेशी जनताले धोका पाइरहेको भन्दै उपेन्द्रलाई पानीमा कापेर बसेको मुसा र डा. राउतले जुन एजेन्डा लिएर राजनीतिमा लागे त्यो बिर्सेर सत्ता मोहमा लागेकाले उनलाई छेपारोको संज्ञा दिए ।

"राष्ट्रिय स्वतन्त्र पार्टीका सभापती रवी लामिछानेलाई पक्राउ गर्दा विरोधमा उत्रने भनेका डा. राउत केही दिन मै बोली फेरेर सत्ता पक्षसँग सहमती गरे भने उपेन्द्र यादव पछी बालुवाटारमा गएर सुटुक्क प्रधानमन्त्री केपी ओलीसंग सहमती गरे ।" उनले भने, "जसपा अध्यक्ष उपेन्द्र यादवलाई सत्ता पक्ष कि प्रतिपक्ष भन्ने कुरा बुझ्नै गाह्रो भएको छ ।"


## चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

डिभिजन वन कार्यालय

राजविराज, सप्तरी



## लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता

शम्भुनाथ नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

### 'घुस आरोपले भारतीय धनाढ्य अदानी समूहलाई धक्का'

**नयाँदिल्ली**/विश्वकै धनी व्यक्तिमध्येका एक भारतीय धनाढ्य गौतम अदानीले आफ्नो विश्वव्यापी ऊर्जा र पूर्वाधार साम्राज्य विस्तार गर्ने तीव्र प्रयासलाई अमेरिकी घूसखोरीको आरोपले धक्का दिएको छ । कैयौं बहुराष्ट्रिय कम्पनीका मालिक तथा अदानी समूहका अध्यक्षसमेत रहनुभएका अदानीले र उहाँको समूहलाई आरोपले क्षणिकरूपमा क्षति पुर्‍याएको र आर्थिक पुनरागमन गर्न लामो समय नलाग्ने विश्लेषकहरूले बताएका छन् ।

अदानी र उहाँका सहयोगीहरूले आकर्षक सरकारी सम्झौताका लागि २५ करोड अमेरिकी डलरभन्दा बढी घूस दिएको दावी गर्दै न्यूयोर्कमा बुधबार भएको दोषारोपणले उहाँको कम्पनीको स्टकको उन्मादपूर्ण बिक्रीलाई प्रभावित पारेको छ ।

न्यूयोर्कमा घूस दिएको दावी गरिएको केही घण्टाभित्रै भारतका विपक्षी नेता राहुल गान्धीले अदानीलाई पक्राउ गर्न माग गर्नुभएको थियो । आरोपपछि केन्याका राष्ट्रपति विलियम रुटोले करिब २.५ अर्ब अमेरिकी डलरबराबरको विमानस्थल र बिजुली सम्झौता रद्द गरेको घोषणा गर्नुभएको छ ।

अदानी समूहले घूसखोरीको आरोपलाई 'आधारहीन' भन्दै खारेज गरेको छ तर 'कर्पोरेट गभर्नेन्स एडभाइजरी फर्म इनगभर्न रिसर्च सर्भिसेज'का संस्थापक श्रीराम सुब्रमण्यमले भने यसको 'ठूलो' प्रभाव रहेको बताउनुभएको छ । सुब्रमण्यनले बेङ्लोरबाट एएफपीसँग भन्नुभयो, "उनीहरूले अपिल गरेर आफ्नो रक्षा गर्नेछन्, वा नयाँ सम्झौताका लागि जानेछन् ।" उहाँले भन्नुभयो, "यो आफुहरूको प्रतिष्ठा र कर्पोरेट गभर्नेन्स अभ्यासका लागि ठूलो धक्का हो ।" एजेन्सी

### पाकिस्तानमा साम्प्रदायिक हिंसामा ३२ जनाको मृत्यु

**पेशावर**/पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा भएको साम्प्रदायिक झडपमा कम्तीमा ३२ जनाको मृत्यु भएको छ ।

झडपमा ४७ जना घाइते भएको पाकिस्तानी सुरक्षा अधिकारीले शनिबार एएफपीलाई बताएका छन् । स्मरण रहोस्, पाकिस्तानको सोही क्षेत्रमा दुई दिनअघि भएको साम्प्रदायिक झडपमा कम्तीमा ४३ जनाको मृत्यु भएको थियो ।

"शिया र सुन्नी समुदायबीच विभिन्न स्थानमा लडाइँ जारी छ। पछिल्लो रिपोर्टअनुसार १४ सुन्नी र १८ शियासहित ३२ जनाको मृत्यु भएको छ," सुरक्षाको मध्यनजर गर्दै नाम नबताउने शर्तमा एक वरिष्ठ प्रशासनिक अधिकारीले एएफपीसँग भन्नुभयो । एक समय अर्ध स्वायत्त क्षेत्र रहेको कुर्रम जिल्लाका केही सुन्नी स्थानहरूमा शिया मुसलमानहरूले शुक्रबार साँझ आक्रमण गरेका थिए, जहाँ साम्प्रदायिक हिंसाका कारण वर्षौंदेखि सयौंको मृत्यु भएको छ ।

कुर्रममा तैनाथ एक वरिष्ठ प्रहरी अधिकारीले एएफपीसँग भन्नुभयो, "स्थानीय समय अनुसार साँझ ७ बजेतिर आक्रोशित शिया समुदायको एक समूहले सुन्नी बहुल बगान बजारमा आक्रमण गरेको थियो ।" "गोली चलेपछि उनीहरूले पूरै बजारमा पेट्रोल छर्केर आगो लगाइदिए। प्रारम्भिक रिपोर्टअनुसार ३०० भन्दा बढी पसल र १०० भन्दा बढी घर जलेर नष्ट भएका छन् ।

स्थानीय सुन्नीहरूले पनि आक्रमणकारीमाथि जवाफी फायरिङ गरेको उहाँले बताउनुभयो । शिया समुदायले लामो समयदेखि भेदभाव र हिंसा भोग्दै आएको सुन्नी बहुल पाकिस्तानमा आदिवासी र पारिवारिक कलह सामान्य छ । एजेन्सी

### चिकित्सकले मृत घोषणा गरेका एक भारतीय चिताबाट ब्यूँझिएपछि...

**जयपुर**/बोल्न र सुन्न समस्या भएका २५ वर्षीय रोहिताश कुमारलाई बिहीबार बिरामी परेपछि उपचारका लागि अस्पतालमा पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरे । अस्पतालले उहाँको पोष्ट मोर्टम गरेन ।

तर मृत घोषणा गरिएका रोहितासलाई चितामा आगो लगाउने तयारी भइरहँदा उहाँ ब्यूँझिएको चिकित्सा अधिकारीहरूले शनिबार बताएका छन् । भारतीय सञ्चारमाध्यमका अनुसार रोहितास बिरामी परेपछि उहाँलाई परिवार र आफन्तजनले पश्चिमी राज्य राजस्थानको झुनझुनुस्थित एक अस्पतालमा लगेका थिए । तर उहाँको उपचार नगरिकनै मृत घोषणा गरिएको थियो र उहाँलाई मृतकहरू राख्ने कक्षमा पठाइयो । परिवारजनले उहाँको हिन्दु संस्कार अनुसार अन्त्येष्टिको तयारी गरे ।

भारतीय सञ्चारमाध्यमका अनुसार वास्तवमा उहाँलाई छारे रोग (मिर्गी) को समस्या देखिएको रहेछ । अस्पतालका प्रमुख मेडिकल अफिसर डी सिंहले एएफपीसँग भन्नुभयो, "एक जना चिकित्सकले पोष्टमार्टम नगरी पोष्टमार्टम रिपोर्ट तयार पारेको र त्यसपछि शवलाई दाहसंस्कारका लागि पठाइएको खुल्न आएको छ ।

"चिता जलाउनुभन्दा केही समयअघि रोहिताशको शरीरले हलचल सुरु भएपछि मलामीका रूपमा गएका मानिसहरूले उहाँ जीवित रहेको र सास फेरिरहेको पाएपछि उहाँलाई पुनः अस्पताल लगिएको थियो," सिंहले भन्नुभयो । रोहितासलाई दोस्रो पटक अस्पताल लगिएको र उपचारको क्रममा शुक्रबार उहाँको मृत्यु भएको पुष्टि भएको थियो । अधिकारीहरूले अस्पतालको सेवा केही समयका लागि बन्द गरेको जनाएका छन् । एजेन्सी

# विद्यालयमा मोबाइल निषेध



**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिकाले विद्यालयहरुमा मोबाइल लैजान निषेधलगायतका विद्यालय सुधारका लागि ८ बुँदे निर्णय गरेको छ।

पालिकाको शैक्षिकस्तर उकास्न तथा शैक्षिक अवस्थामा सुधारका लागी गाउँपालिकाले विभिन्न आठ बुंदे निर्णय गरिएको गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले जानकारी दिएका छन्।

यस्तै शिक्षक पूर्व जानकारी बिना अनुपस्थित भए तलब भत्ता कट्टा गरिने निर्णय गरिएको छ। तोकिएको समयमा विद्यालयमा उपस्थित भई निर्धारित समयसम्म बस्नु पर्ने, आफुले पढाउने विषयको पाठ योजना निर्माण गरी आउनु पर्ने, तोकिएको जिम्मेवारी समयमा पुरा गर्नु पर्ने लगायतका आठ बुदे निर्णय गरिएको प्रमुख प्रशासकिय अधिकृत सन्त कुमार मण्डलले बताए।

उक्त निर्णय कार्यान्वयन गर्ने/गराउने पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामार्फत मातहतका सबै विद्यालयमा परिपत्र गरिसकेको उनको भनाई छ।

शैक्षिक अवस्था सुधारका लागी गरिएको यस्तो निर्णय प्रभावकारी ढंगले कार्यान्वयन भए/नभएको बुझ्न समय समयमा छड्के अनुगमन समेत गरिने पालिकाका अध्यक्ष यादवले बताए।

सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरिय र विश्वसनिय बनाउन यस्तो योजना ल्याइएको सो पालिकाले जनाएको छ। उक्त पालिका भित्र ५ मावि र १३ आधारभुत विद्यालय रहेका छन। जसमा १ सय ७५ शिक्षक समेत गरी २ सय जना कर्मचारी कार्यरत छन।

# विद्यालयको हाजिरी रजिष्टर गायब

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिका १ स्थित श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय बरहीको हाजिरी रजिष्टर गायब भएको छ।

प्रहरीका अनुसार मंगलबार रातीको समयमा डियुटीमा रहेका विद्यालयका कार्यालय सहयोगि बिरेन्द्र कर्णबाट प्रशासनिक कक्षको साँचो मागेर कोठाबाट हाजिरी रजिष्टर लिएर सोही विद्यालयका शिक्षक सुकदेव यादव गायब पारेका हुन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले रजिष्टर गायब पारिएको सम्बन्धमा छानबिन गर्ने क्रममा कार्यालय सहयोगि कर्णलाई नियन्त्रणमा लिएपछी सो खुलासा भएको हो।

प्रहरीको बयान पश्चात् कार्यालय सहयोगि कर्णलाई बुधबार पालिकाको शिक्षा शाखा प्रमुख सन्तोष रायको जिम्मा लगाई थप अनुसन्धान थालिएको उनको भनाई छ।

छिन्नमस्ता गाउँपालिकाका प्रवक्ता समेत रहेका वडा अध्यक्ष ललन कुमा यादवले उक्त विद्यालयका शिक्षक सुकदेव यादव नियमित विद्यालय नआउने तथा उनी नआएको दिनको पनि कहिले आफै त कहिले शिक्षक साथी मार्फत रजिष्टरमा एकमुष्ट हाजिर गर्ने गरेको कुरा बाहिरिएपछी विद्यालयबाट रजिष्टर नै गायब पारिएको बताए।

# बिटौरी तथा ब्लक जग्गा पीडितहरुको आन्दोलनमा दलका पदाधिकारी तथा पूर्वमेयरहरुको पनि ऐक्यबद्धता

**राजविराज**/बिटौरी, ब्लक जग्गाको नाममा वर्षौंदेखी लालपूर्जा बिहीन तथा सडक मापदण्डको नाममा लापूर्जा र नक्सा पासबाट समेत वञ्चित गराइएका पीडितहरुको निर्णायक आन्दोलनमा जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि तथा राजविराज नगरपालिकाका पूर्व मेयरहरुले पनि ऐक्यबद्धता जनाएका छन्।

सप्तरी उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधानको संयोजत्वमा गठित निर्णायक आन्दोलन समितिको अगुवाईमा सम्पन्न सर्वदलीय तथा पूर्व मेयरहरुको बैठकले उक्त ऐक्यबद्धता जनाएका हुन्।

राजविराज नगरपालिका बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका करिब ५ हजार २ सय परिवार बिगत ६५ वर्ष देखि लालपुर्जा पाउन सकेका छैनन्। यस्तै नगर भित्र सडक बनि सकेको क्षेत्रमा समेत सडक मापदण्डको नाममा नक्सा पास रोकिदा बैंक तथा वित्तिय संस्थाबाट समस्या परेका बेला उक्त जग्गा धित्तो राखि ऋण कर्जा पाउन नसक्दा नगरबासी समस्या छन्।

वि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक आसपास घर निर्माण तथा पसल संचालन गरेर बस्दै आएका बिटौरी र ब्लक जग्गा बाहकहरु हालसम्म लालपुर्जा पाउन सकेका छैनन्।

बैठकमा पूर्व मन्त्री महेश प्रसाद यादव, राजविराज नगरपालिकाका पूर्व मेयर गोविन्द सिंह, शैलेश चौधरी, नेपाली काँग्रेसका शम्भु लाल देव, नेकपा एमालेका देवनाथ यादव, नेकपा (माओवादी केन्द्र)का सुर्यनाथ यादव, जसपा नेपालका अध्यक्ष केदार यादव, जनमत पार्टीका सुरेन्द्र शर्मा, नेकपा एकृकित समाजवादीका अध्यक्ष प्रताप नारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका दिगम्वर साह, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अमित कुमार यादव, राष्ट्रिय मुक्ति पार्टीका संयोजक दिपेन्द्र प्रसाद चौधरी, उद्योग वाणिज्य संघका सल्लाहकार बैजु जोशी लगायत सहभागी थिए।

### चोरी तथा डाका...

लुकी छिपीबसेको अवस्थामा पक्राउ गरिएको हो।

पक्राउ परेका यादवमाथी इलाका प्रहरी कार्यालय लहान, सिरहामा २०८० साल पुस ४ गते चोरी तथा डाँका मुद्धा दर्ता भएको थियो। उनलाई आवश्यक कानुनी प्रक्रिया पुरा गरी उक्त मुद्धामा कार्वाहीका लागि इलाका प्रहरी कार्यालय लहानमा बुझाएको प्रहरीले जनाएको छ।

# फरार १६ जना अभियुक्तलाई पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद र जरिवाना तोकिएका फरार १६ जना अभियुक्तलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा घरेलु हिंसाका मुद्दाका सर्वाधिक ४ जना छन। यस्तै जालसाजीका ३, अपराधिक उपद्रव र कुटपिटका २/२ तथा कुटपिट अंगभंग, चेक अनादर, वन मुद्दा, चोरी मुद्दा, आदेश अवहेलना मुद्दाका १/१ अभियुक्त रहेका छन।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भइ लुकिछिपी बसेकाहरु सुराकी र निगरानी बढाएसँगै धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए। यसरी पक्राउ परेकाहरुलाई कैद तथा जरिवानाका लागि जिल्ला अदालतमा दाखिला गरिएको छ।

यस बाहेक फरार सूचिमा अझै ३ हजारको हाराहारीमा अभियुक्त रहेकाले उनीहरुको पनि खोजतलास गरिरहेको प्रहरी उपरिक्षक खतिवडाले जानकारी दिए।

सप्तरी प्रहरीले फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसँगै विभिन्न अपराधका अभियुक्तहरु एकपछि अर्का पक्राउ पर्ने क्रम बढ्दै गएको हो।


यस्तै प्रहरीले भारतबाट तस्करी गरि नेपाल ल्याउँदै गरेको कपडा लगायतका सामान प्रहरीले बरामद गरेको छ।

पैदल गस्तीमा रहेको प्रहरी टोलीले सप्तरीको डाक्नेश्वरी नगरपालिका ४ कुशहा सडकखण्ड क्षेत्रबाट चेकजाँचको क्रममा गलैचा, तन्ना र सिरकका खोल लगायतको ससामान बरामद गरेको हो।

साइकलमा लोड गरेर ल्याउँदै गरेका व्यक्ति भने उक्त सामान प्रहरी देख्ना साथ सडकमै छाडेर भागेको तथा बरामद सामान र साइकलको मुल्याङ्कन पश्चात् आवश्यक कानुनी प्रक्रियाका लागि राजविराज भन्सार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ।




अनुरोधकर्ता : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी





**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*